# जीवन सम्म पुऱ्याउने खुड्किलो

## बाल बालिकाहरुको लागि




एल्मर एच मर्डक

प्रिय भाई बहिनीहरु,

म तपाईंहरुलाई यो पुस्तिकाको मुख्य कारण के हो सो बुझ्नको निम्ति सहायता होस् भनेर लेखिरहेको छु । यस पुस्तिकाले तपाई ख्रीष्टमा कति बहुमुल्य हुनुहुन्छ अनि कसरी उहाँलाई तपाईंले व्यक्तिगत रुपमा चिनेको होस् भन्ने कुरा बताउँदछ। जब तपाईले उहाँलाई विश्वास गर्नुहुन्छ तब यी कुराहरु हुनेछन् । तपाईहरु मध्ये धेरैले येशुको विषयमा जान्नुभएको छ, साथै तपाईंहरु कति जनाले बाइबलको पदहरु पनि भन्न सक्नु हुन्छ। यो राम्रो कुरा हो । तर त्यति गरेर मुक्ति पाउन सकिंदैन, जब सम्म ख्रीष्टले तपाईंको व्यवहार, स्वभाव परिर्वतन गर्नु हुँदैन ।

भाई बहिनीहरु, तपाईहरु धेरैजसोले आमाबाबुलाई खुशी पार्न शिक्षकहरु साथै आफु भन्दा ठुलाहरुलाई खुशी पार्नको निम्ति कार्यहरु गर्नुहुन्छ । तर कसैलाई खुशी पार्नको लागि मात्रै ख्रीष्टलाई हृदयमा ननिम्त्याउनुहोस् अथवा तपाई आफै तयार नभईकन यो काम नगर्नुहोस् । उहाँ तपाईको हृदयमा **आउनुहुन्छ** यदि **तपाईले** उहाँलाई आफ्नो हृदयमा आउन दिनु हुन्छ साथै जब तपाईले परमेश्वरलाई खुशी पार्नको लागि यो काम गर्नुहुन्छ। जब तपाईले एक पल्ट मुक्ति कसरी पाउन, सकिन्छ भनेर जानुहुन्छ तब तपाईले पश्चत्ताप गरेर येशु प्रभुमा विश्वास गर्ने मौका र जिम्मेवारी तपाईको हो। यो पुस्तिकामा तपाईले खुड्किलाहरु पाउनुहुनेछ।

हरेक खुड्किलाले येशुप्रभुलाई व्यक्तिगत रुपमा जान्ने विभिन्न तहका इच्छाहरुलाई बुझाउँछ। जब तपाईले तपाई कुन खुड्किलोमा हुनुहुन्छ भन्ने कुरा पत्ता लगाउनुहुन्छ, तब यस विषयमा राम्ररी सोच्नुहोस् । तपाईहरु कतिजनाको येशु सँग साँचो आत्मिक अनुभव भएको छ। **तर हरेक आत्मिक अनुभव मुक्ति पाउने अनुभव हुँदैन** । तपाई आफ्नो पापको कारण चिन्तित हुनुहुन्छ वा रुनु पनि हुन्छ। यो आत्मिक अनुभव हो, तर यसले मुक्ति दिंदैन जब सम्म तपाईले पश्चत्ताप अनि विश्वास गर्नु हुन्न । तरै पनि जब यी कुराहरु हुन्छन् परमेश्वरले तपाईलाई बोलाई रहनु भएको छ ताकि तपाइले उहाँलाई आफ्नो हृदयमा निम्त्याउनु हुनेछ। तब उहाँले तपाईको जीवनमा परिर्वतनहरु ल्याउनुहुनेछ ।

जति चाँडो बुभ्नुहुन्छ उति चाँडो तपाई यो खुड्किलोमा आउनुसक्नु हुनेछ अनि खीष्टलाई तपाईको जीवनमा पहिलो स्थान दिने इच्छा
गर्नुहुनेछ । यसको निम्ति कति समय लाग्छ भन्ने कुरा तपाईमा भर पर्छ । ढिलो नगर्नुहोस् तर आफूलाई कुनै "खुड्किलोमा" नराख्नुहोस्  यदि तपाई त्यो खुड्किलो अनुसारको हुनु हुन्न भने ।

तपाई सायद असल र ईमान्दार बालक/बालिका हुनुहुन्छ वा एकदमै जिद्धी, हठी स्वभावको हुनुहुन्छ । येशु खीष्ट दुवैको लागि मर्नुभएको हो किनकी स्वर्ग जानको लागि कोही पनि असल छैन रोमी ३:१० (बाइबल) । यो पुस्तिका पढेर सधैं बत्तीभ्फैं उज्जवल अभ्र उज्जवल हुनुहुनेछ अनि साँचो खीष्टियान के.हो बुभ्नुहुनेछ ।
अन्तिम शब्द-**कसरी** मुक्ति पाउन सकिन्छ हामी तपाईंलाई बताउन सक्छौं । परमेश्वरले मात्रै भन्न सक्नु हुन्छ तपाई कस्तो हुनुहुन्छ । परमेश्वरको आत्मा द्धारा खीष्टमा मात्रै यो संभव छ । रोमी ८:१६ (बाइबल) ले भन्दछ ***"त्यो चाहिं हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रो आत्मा सँग गवाही दिनु भएको हो ।"***

जब कसैले खीष्टमा साँचो समर्पण गर्दछ तिनीहरुले पाप प्रति, र गलत व्यवहार प्रति भिन्नै अनुभव गर्दछ अनि उनीहरुले खीष्टलाई खुशी पार्न चाहन्छ । याद राख्नुस् जब तपाई अनि तपाइको परिवारले पश्चताप गरी विश्वास गर्दछ, तब तपाई अनि तपाईको परिवारले मुक्ति पाउन सक्छ । तपाई अनि तपाईको परिवारको लागि यो परमेश्वरको ईच्छा हो । मैले भनेको भन्दा पनि बढ्ता परमेश्वरले तपाईलाई प्रेम गर्नु हुन्छ ।

अब यो पुस्तिका पढ्नु होस् अनि पत्ता लगाउनु होस् **तपाई** कुन खुड्किलोमा हुनुहुन्छ ।

एल्मर एच मर्डक.

**तपाईको विचारमा ..................................**

– कसले तपाईको संसार सृष्टि गर्नु भयो ?
– कसले सबै प्राणीहरु र वनस्पतिलाई जीवन दिन्छ ?
– कसले तपाईले गर्नु भएको र बोल्नु भएको सबै कुरा जान्नुहुन्छ ?
– कसले तपाईको साँचो वास्ता गर्नुहुन्छ ?

# परमेश्वर !

"आदिमा परमेश्वरले आकाश र
पृथ्वी सृष्टि गर्नु भयो "
उत्पत्ति १:१.

परमेश्वरले आफ्नो पुत्र येशुलाई यो संसारमा पठाउनु भयो ताकि परमेश्वर कस्तो हुनुहुन्छ भनेर जान्न सक । येशुले यो काम गर्न सक्नुहुन्छ किनकि उहाँ परमेश्वर सँग समान हुनुहुन्छ ।

**येशु पुर्ण रुपले....................**


**असल** – उहाँले कहिले पनि गल्ती गर्नु भएन ।

**बुद्धिमानी** – कुन कुरो असल र कुन कुरो खराब (दुष्ट) छन् उहाँ जान्नु हुन्छ ।

**दयालु** – नराम्रो काम गरेकोमा उहाँले तपाईलाई क्षमा दिनु हुन्छ ।

यस कारण हरेक बालक बालिकाहरुले येशु खीष्टमा चासो राख्नुपर्छ ।


सायद तपाई अरु कुराहरुमा व्यस्त हुनुभएको कारण परमेश्वर, उहाँको पुत्र येशु खीष्टको बारेमा सोच्न पाउनु भएको छैन होला ।




**येशु ख्रीष्टको बारेमा जान्न चाहनु चाँहि खुड्किलोमा चढे जस्तै हो । हरेक खुड्किलोले तपाई जहाँ पुग्नु पर्ने हो त्यसको नजिक पुऱ्याउँछ ।**

जसै तपाई यो खुड्किलोहरु चद्‌दै जानुहुन्छ तपाईले परमेश्वर पिता अनि येशु ख्रीष्टको तपाई प्रतिको प्रेमलाई जान्नुहुनेछ ।

**यी खुड्किलाहरुको वर्णन गरिसकेपछि तपाईले निर्णय गर्नु होस् कि तपाई कुन खुड्किलोमा हुनुहुन्छ ।**



"तपाईको वचन अनुसार मेरा
पाईलाहरुलाई डोर्‍याउनुहोस् ............"
भजन ११९:१३३




## खुड्किलो १. मलाई वास्ता छैन

**येशूको विषयमा र कसरी मुक्ति पाउन सकिन्छ भन्ने विषयमा तपाईले धेरै वा थोरै जान्नु भएको होला । तर मुख्य कुरा चाँहि तपाईलाई यसको वास्ता छैन ।**

तपाईको अवस्था कस्तो छ ?



तब हामीले यति महान् मुक्तिको
वास्ता राखेनौ भने हामी कसरी उक्लौंला ?
हिब्रू २:३




**के तपाई यो खुड्किलोमा हुनुहुन्छ ?**


## खुड्किलो २. मलाई ईच्छा छ

**जब केही मानिसहरुले येशु ख्रीष्ट र उहाँको प्रेमको कथा सुन्छन् तब उनीहरु यस विषयमा आफै जान्न चाहन्छन् ।**

के **तपाई** अझ जान्न चाहानुहुन्छ ?



जव तिमीहरुले आफ्ना सारा हृदयले मलाई खोज्ने छौ,
तब तिमीहरुले मलाई खोजेर पाउने छौ ।
यर्मिया २९:१३



**लाई ईच्छा छ**

**के तपाई यो खुड्किलोमा हुनुहुन्छ ?**

## खुड्किलो -३ - म चिन्तित छु

## जब तपाईले कुनै गल्ती काम गर्नुहुन्छ तब त्यसले तपाईलाई चिन्तित तुल्याउँछ ।

अरु बालक बालिकाहरुको तुलनामा तपाई सायद असल बालक वा बालिका हुनुहुन्छ होला । तर परमेश्वरले भलोपनका जाँच दिनु भएको छ, दश आज्ञाहरु यो हेर्नलाई कि तपाई र्स्वग जाने योग्यको असल हुनुहुन्छ कि हुनुहुन्न । **के तपाई त्यति असल हुनुहुन्छ ?**

### दश आज्ञाहरु

१. तिमीले मेरो अघि कुनै देवी देवता नमान्नु ।

२. खोपेर तिमीले आफ्नो निम्ति कुनै किसिमको मूर्त्ति नबनाउनु ।
(खेलौनाहरु, मित्रहरुलाई पहिलो स्थान दिने कुराहरु)

३. तिमीले आफ्नो परमेश्वरको नाम व्यर्थैमा नलिनु ।
(बोलेको र प्रार्थना गरेको बेलामा मात्रै परमेश्वर र येशु ख्रीष्टको नाम लिने काम)

४. विश्राम दिनलाई पवित्र राख्नु पर्छ भनी याद राख्नु ।
( सातौं दिनमा एकदिन परमेश्वरलाई हामीले दिनु पर्छ । किन भने सबै समय परमेश्वरकै हो । )

५. आफ्नो बाबु आमालाई आदर गर र आज्ञापालन गर ।
(सधैं तिम्रो बाबु आमालाई आदर आज्ञापालन गर्नु पर्छ जब सम्म यो गर्नु चाहिं पाप हो भनेर भनिदैंन )

६. तिमीले हत्या नगर्नु ।
(मानिसहरुलाई चोट नपुऱ्याउनुहोस अथवा स्वार्थी डाह नराख्नुहोस )

७. तिमीले व्यभिचार नगर्नु ।
(अरुहरुको शरीरमा जुन ठाउँमा स्पर्श गर्नु हुँदैन त्यस्तो ठाउँमा स्पर्श नगर्नुहोस । आफ्नो विशेष माया श्रीमान वा श्रीमतीको लागि जोगाई राख्नुहोस् )

८. तिमीले चोरी नगर्नु ।
( जुन चीज तिम्रो होइन त्यसलाई नलेऊ )

९. तिमीले झुटो साक्षी नदिनु ।
( सधैं सत्य बोल्नुहोस )

१०. तिमीले कसैको कुनै कुराको लोभ नगर्नु ।
( अरुहरुकोमा जे छन् त्यस कुराको इर्ष्या नगर्नु ।

प्रस्थान २०:१-१७

# परमेश्वरको भलोपनको जाँच

दश आज्ञाहरु

पास हुनका लागि तपाईंले ल्याउनु
पर्ने अंक १००%




**के तपाईं पनि सधैं यस्तै प्रकारले परमेश्वरलाई खुशी पार्न चाहानु हुन्छ ?**

## खुड्किलो ३ - म चिन्तित छु

जब तपाईले परमेश्वरलाई खुशी पार्नु हुन्न भने त्यसलाई पाप भन्दछ। पाप चाहिं आफुलाई जे मन लाग्यो त्यही गर्नु हो चाहे त्यो गलत कुरा होस्।

**के तपाईंले कहिले पाप गर्नु भएको छ ?**

☐ छु ☐ छैन

तपाई मात्र होइन किनकि बाइबलले भन्छ सबैले पाप गरेका छन् गल्ती गरेका छन्। रोमी ३:२३। तपाईले गर्नुभएका सबै कुराहरु तपाईको आमा बुबा र साथीहरुलाई थाह छैन होला यति सम्म कि यस्तो काम गरेको कसैले देखेकै छैन तर प्रभु येशुलाई सबै थाह छ।


**जब तपाई गल्ती गर्नुहुन्छ के त्यसले तपाईलाई दु:खित तुल्याउँछ ?**

☐ तुल्याउँछ ☐ तुल्याउँदैन

**कति धेरै दु:खित तुल्याउँछ ?**

☐ अलिकति ☐ धेरै ☐ यति धेरै कि म बद्लिन चाहन्छु

*"मेरो अनुहार तपाईतिर उठाउन पनि लजाउँछु,*
*मेरो परमेश्वर, हामी आफ्ना अर्धममा*
*पतित् भएका छौं......."*
*एज्रा ९:६*





के **तपाई** यो खुड्किलामा हुनुहुन्छ ?

**साँचो चिन्ताले तपाईलाई निम्न कुरामा पुऱ्याउँछ .........**

## **खुड्किलो ४ - म पश्चत्ताप गर्न तयार छु**

**पश्चत्ताप गर्नु भनेको आफ्नो बाटो बाट येशुको बाटो तर्फ फर्कनु हो ।**



आफुलाई जे मन लाग्यो त्यही गर्नु चाहिं स्वार्थीपन हो । यो स्वार्थी विचार हरुनै सबै पापको जड हो ।


**स्वार्थी विचारहरु चाहिं** - म, मलाई, मेरो भन्ने कुराहरु हुन् ।

- यी कुराहरुले परमेश्वर र उहाँको पुत्र येशुलाई दुःखित पार्छ ।
- यी कुराहरुले तपाईंको जीवनमा र अरुहरुको जीवनमा समस्या ल्याउँछ ।
- यी कुराहरुले तपाईलाई दुःखित तुल्याउँछ ।

**पश्चत्ताप भनेको**

- जीवनमा म, मेरो मलाई लाई त्यागेर येशू ख्रीष्टलाई स्थान दिनु हो ।
- अब कहिल्यै पनि पाप नगर्ने निर्णय गर्नु हो ।

" ...........तर अब उहाँले (परमेश्वरले)
प्रत्येक ठाउँमा सबै मानिसहरुलाई
पश्चत्ताप गर्ने आज्ञा दिनुहुन्छ ।"
प्रेरित १७:३०'ख'




के **तपाई** यस खुड्किलो माथि हुनुहुन्छ ?

**पश्चत्तापले तपाईलाई निम्न कुरामा पुऱ्याउँछ .......**

## खुड्किलो ५- म विश्वास गर्छु

### विश्वास गर्नु भनेको आफैलाई प्रभु येशु ख्रीष्टमा सुम्पनु हो ताकि उहाँनै तपाईको जीवनमा पहिलो स्थान हुनुहुनेछ ।

यो चाहिँ डुङ्गामा चढेको जस्तै हो । जब तपाई डुङ्गामा चढ्नु हुन्छ त्यसबेला तपाईले डुङ्गामा भरोसा गर्नु पर्छ कि यसले पानीमा डुब्न देखि बचाउँछ ।

### जब तपाईले आफैलाई येशुमा सुम्पनु हुन्छ, तर यस्तो काम निम्न लिखित प्रकारले नगर्नुहोस.......

- तपाईको आमाबाबुलाई खुशी पार्नलाई
- तपाईको शिक्षकलाई, मित्रलाई अथवा पास्टरलाई खुशी पार्नलाई नगर्नुहोस् ।

### तर तपाईले निम्न लिखित प्रकारले गर्नुहोस........

- परमेश्वरलाई अनि येशु ख्रीष्टलाई खुशी पार्नलाई ।
- किनभने तपाईले हृदयबाटनै यो कार्य गर्न चाहनुहुन्छ ।
- तपाईको जीवन परिवर्तन भएको होस् र तपाईको पाप क्षमा भएको होस् ।

तपाईको पापको दण्ड भोग्नलाई प्रभु येशु क्रूसमा मर्नु भयो अनि परमेश्वरले फेरि जीवित पार्नु भयो । अहिले उहाँ जीवित हुनुहुन्छ अनि तपाईले पनि उहाँलाई तपाईको जीवनको क्याप्टेन (मालिक) बनाउनुभएको होस् भनेर तपाईलाई पर्खि रहनुभएको छ ।




**तपाईले आफूलाई येशुमा सुम्पनु चाहिँ विश्वासको कदम हो ।**

येशु प्रभु सँग अहिलेनै बातचीत गर्नु होस् । तपाईको पापहरुको नाउँ काढेर उहाँलाई भन्नुहोस कि तपाईले पश्चताप गरिहनु भएको छ र तपाई यी पापहरुलाई त्याग्न चाहनु हुन्छ र फेरि गर्नु हुनेछैन र यी पापहरुको कारण तपाई साँच्चै चिन्तित हुनुहुन्छ । अब यी पापहरुको लागि उहाँलाई क्षमा माग्नुहोस् ।

***यदि हामीले आफ्ना पापहरु स्वीकार गर्‍यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नु हुन्छ र सबै अर्धम बाट हामीलाई शुद्द पार्नुहुन्छ किनकी उहाँ विश्वास योग्य र धर्मी हुनुहुन्छ ।***

**१ यूहन्ना १:९**

बाइबलले भन्छ जब तपाईले येशुमा विश्वास गर्नुहुन्छ उहाँ स्वंय तपाई भित्र बस्नलाई आउनुहुन्छ । उहाँले तपाईलाई अनन्त जीवन दिनुहुन्छ - किनभने अनन्त जीवन उहाँ सँग छ । उहाँ तपाई भित्र वास गर्नु हुन्छ अनि तपाईलाई उहाँको असल कुराहरु दिनुहुन्छ ।

**........ " कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनु भयो र यो जीवन उहाँको पुत्रमा छ" ।**

**१ यूहन्ना ५:११**

अब तपाईले प्रभु येशु खीष्टलाई मेरो जीवनमा आउनुहोस् अनि मलाई मुक्ति दिनुहोस भनी भन्नुहोस ताकि तपाई उहाँको परिवारको एक सदस्य हुनुहुनेछ ।

जब तपाईले साँचो रुपले विश्वास गर्नु हुन्छ अनि ग्रहण गर्नु हुन्छ तब तपाईले यो कुरा जान्नुहुनेछ । उहाँले तपाईलाई हृदयमा यो कुरा भन्नुहुनेछ ।

**"तिमीहरु छोराहरु (छोरीहरु) भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाईदिनुभयो....."**

**गलाती ४:६**

उहाँ तपाईको लागि मर्नु भएकोमा उहाँलाई धन्यवाद दिनुहोस् ।

.....“प्रभु येशु ख्रीष्टमा विश्वास गर्नुहोस र
तपाईले उद्दार पाउनुहुनेछ...”
प्रेरित १६:३१




के **तपाई** यस खुड्किलो माथि हुनुहुन्छ ?

जब कुनै व्यक्तिले (भाई वा बहिनीले)- ख्रीष्टलाई आफ्नो मुक्तिदाता र प्रभु भनी ग्रहण गर्छ - तिनीहरु परमेश्वरको परिवारमा जन्मन्छन् जसरी तपाई मानवीय परिवारमा जन्मनु भयो ।

**"तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँ माथि विश्वास गरे उहाँले तिनीहरुलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो...................."**

**यूहन्ना १:१२**

**जब येशु तपाईको जीवनमा आउनुहुन्छ तब तपाई .....**

- येशु तपाईभित्र बास गर्नु भएको छ भनेर जान्नुहुनेछ ।
- तपाई स्वर्ग जानुहुनेछ भनेर जान्नुहुनेछ ।

**अनि तपाईले तलका कुराहरुद्धारा परमेश्वरलाई खुशी तुल्याउन शुरु गर्नु हुनेछ .....**

- आमाबाबुको आज्ञा पालन गर्न चाहनुहुनेछ ।
- एक अर्का प्रति कृपालु हुनुहुनेछ ।
- ठीक कुराहरुको छनौट गर्नुहुनेछ ।
- सत्य बोल्नुहुनेछ ।
- बाइबलका कथाप्रति चासो राख्नुहुनेछ ।

**यो चाहिँ परमेश्वरको तरिकामा/मार्गमा जीउनु हो !**

**"....अब जीवन नै रोज, ताकि तिमीहरु र तिमीहरुका बालबच्चाहरु जीउन सक, र परमप्रभु तिमीहरुका परमेश्वरलाई प्रेम गर्नेछौ..।"**

**व्यवस्था-३०:१९,२०**


## ख्रीष्टियन भएर अघि बढ्नको लागि सहयोग:

१. **बाइबल पढ्नुहोस्** । (बालबच्चाहरुको बाइबल उत्तम हुनेछ)

२. परमेश्वर पितालाई येशुको नाउँमा दिनहुँ **प्रार्थना** गर्नुहोस ।
तपाईको खाँचो उहाँलाई भन्नुहोस् र उहाँको साहयता माग्नुहोस् ।

३. मण्डली (चर्च) **जानुहोस** जहाँ बाइबल बाट सिकाइन्छ ।

४. परमेश्वरले तपाईको जीवनमा के गर्नु भयो अनि उहाँले उनीहरुको जीवनमा के गर्न चाहनुहुन्छ भन्नेकुरा साथीहरुलाई **बताउनुहोस्** ।



**सम्पर्क**

**जीवन सम्म पुऱ्याउने खुड्किलो**

**पोष्ट बक्स नं. ८९७५**

**इ.पी.सी.-७२६**

**काठमाडौं, नेपाल**